सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री नहकुल सुवेदी

आदेश

०७७-WO-०००५

मुद्दा : उत्प्रेषण।

गुणदेव यादवको नाति बाबुनन्दन यादवको छोरा ससरी जिल्ला टिकुलिया गा.वि.स. वडा नं.४ को ऐ.ऐ. सुरुङ्गा न.पा.वडा नं.९ स्थायी ठेगाना भई हाल ल.पु.जि.महालक्ष्मी न.पा. वडा नं.२ बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त जिवछ प्रसाद यादव ..........................................................१

वृर्ष बहादुर थापाको नाति शेर बहादुर थापाको छोरा चितवन जिल्ला शिवनगर गा.वि.स. वडा नं.९ को ऐ.ऐ. भरतपुर म.न.पा. वडा नं.१४ स्थायी ठेगाना भई का.जि.तारकेश्वर न.पा. वडा नं.८ बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त श्याम बहादुर थापा..........................................................१ निवेदक

खड्ग बहादुर के.सी.को नाति भक्त बहादुर के.सी.को छोरा तनहुँ जिल्ला आबुखैरेनी गा.वि.स. वडा नं.६ को ऐ.ऐ. आबुखैरेनी गा.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल का.जि.का.म.न.पा.वडा नं.२६ बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त उद्धव के.सी..........................................................१

झलक सुवेदीको नाति डम्बर बहादुर सुवेदीको छोरा उदयपुर जिल्ला खाबु गा.वि.स. वडा नं.४ को ऐ.ऐ. त्रियुगा न.पा. वडा नं.०९ स्थायी ठेगाना भई हाल भ.पु.जि.सूर्यविनायक न.पा. वडा नं.४ बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त ध्रुव बहादुर सुवेदी ..........................................................१

श्रीचन नायकको नाति लखन नायकको छोरा सिरहा जिल्ला भेरिया गा.वि.स. वडा नं.२ को ऐ.ऐ. सुरुङ्गा न.पा. वडा नं.९ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला तानसेन न.पा. वडा नं.२ बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त फुलगेन नायक..........................................................१

निर्मल पौडेलको नाति दिल बहादुर पौडेलको छोरा पाँचथर जिल्ला याशोक गा.वि.स. वडा नं.९ को ऐ.ऐ. कुमायक गा.पा. वडा नं.१ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला सूर्यविनायक न.पा. वडा नं.४ बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त लैन बहादुर पौडेल..........................................................१

केशोलाल शाहको नाति रामचन्द्र शाहको छोरा सिरहा जिल्ला तेनुवापट्टी
गा.वि.स. वडा नं.१ को ऐ.ऐ. बरियापट्टी गा.पा. वडा नं.४ स्थायी ठेगाना भई
कृषि विकास बैङ्कबाट अवकाश प्राप्त प्रमोद कुमार शाह............................१

कालु रोकायको नाति विष्णु बहादुर रोकायको छोरा जुम्ला जिल्ला चन्दननाथ
गा.वि.स. वडा नं.८ को ऐ.ऐ. चन्दननाथ न.पा. वडा नं.८ स्थायी ठेगाना भई
हाल सुर्खेत जिल्ला वरेन्द्रनगर न.पा. वडा नं.४ बसी कृषि विकास बैङ्कबाट
अवकाश प्राप्त अम्बर बहादुर रोकाय............................................१

कादिम सिंह राईको नाति श्रीमान राईको छोरा धनकुटा जिल्ला चुङबाङ
गा.वि.स. वडा नं.९ को ऐ.ऐ. पाख्रिबास न.पा. वडा नं.१० स्थायी ठेगाना भई
हाल ल.पु.जि.महालक्ष्मी न.पा.वडा नं.७ बसी कृषि विकास बैङ्कबाट अवकाश
प्राप्त अमृत राई..........................................................................१

देवी प्रसाद कोईरालाको नाति नरनाथ कोइरालाको छोरा सिन्धुली जिल्ला जिनाखु
गा.वि.स. वडा नं.३ को ऐ.ऐ.दुधौली न.पा. वडा नं.१२ स्थायी ठेगाना भई हाल
भक्तपुर जिल्ला चाँगुनारायण न.पा. वडा नं.२ बसी कृषि विकास बैङ्कबाट
अवकाश प्राप्त इन्द्र प्रसाद कोइराला..................................................१

जुद्धमान रन्जीतको नाति सानुभाई रन्जितको छोरा का.जि.का.म.न.पा. वडा
नं.१९ स्थायी ठेगाना भई कृषि विकास बैङ्कबाट अवकाश प्राप्त सुरेन्द्र
रन्जीत..................................................................................१

बेदनिधि भण्डारीको नाति टंक बहादुर भण्डारीको छोरा मोरङ जिल्ला होक्लाबारी
गा.वि.स. वडा नं.४ को ऐ.ऐ. कानेपोखरी गा.पा. वडा नं.१ स्थायी ठेगाना भई
हाल भ.पु.जि.मध्यपुर ठिमी.न.पा. वडा नं.३ बसी कृषि विकास बैङ्कबाट अवकाश
प्राप्त पहलमान भण्डारी.................................................................१

झपटु पंडितको नाति हजारी पंडितको छोरा ससरी जिल्ला बैरबा गा.वि.स. वडा
नं.२ को ऐ.ऐ. कन्चनरुप न.पा. वडा नं.१ स्थायी ठेगाना भई हाल विराटनगर
म.न.पा. वडा नं.१२ बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त लोचन पंडित...१

नन्दलाल सुवेदीको नाति बद्रि प्रसाद सुवेदीको छोरा तेह्रथुम जिल्ला म्याङ्गलुङ्ग
गा.वि.स.वडा नं ४ को ऐ.ऐ. म्याङ्गलुङ्ग न.पा. वडा नं.२ स्थायी ठेगाना भई हाल
मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं.३ बसी कृषि विकास बैङ्कबाट
अवकाश प्राप्त कृष्ण प्रसाद सुवेदी. .....................................................१

बेद्धिनारायण श्रेष्ठको नाति जनकलाल श्रेष्ठको छोरा धनकुटा जिल्ला घोलिखर्क

गा.वि.स. वडा नं.७ को ऐ.ऐ. पाख्रिबास न.पा. वडा नं.५ स्थायी ठेगाना भई हाल धनकुटा जिल्ला धनकुटान.पा. वडा नं.५ बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त टेक ब. श्रेष्ठ.....................................................१

जसवीर कामीको नाती मंगले कामीको छोरा भोजपुर जिल्ला गोगने गा.वि.स.वडा नं.३ को टयाम्केमैयुम गा.पा. वडा नं.१ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं.८ बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त खड्ग ब. विश्वकर्मा.....................................................१

भिम ब. श्रेष्ठको नाति कुल ब. श्रेष्ठको छोरा सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं.१२ को ऐ.ऐ.धरान उ.म.न.पा. वडा नं.१२ स्थायी ठेगाना भई कृषि विकास बैङ्कबाट अवकाश प्राप्त मनोज श्रेष्ठ.....................................................१

सुर्य विनोद खतिवडाको नाती गंगा प्रसाद खतिवडाको छोरा ओखलढुङ्गा जिल्ला हर्कपुर गा.वि.स. वडा नं.४ को ऐ.ऐ. हर्कपुर गा.पा. वडा नं.६ स्थायी ठेगाना भई कृषि विकास बैङ्कबाट अवकाश प्राप्त रत्न प्रसाद खतिवडा.........................१

गोपीलाल खतिवडाको नाती गुण प्रसाद खतिवडाको छोरा ओखलढुङ्गा जिल्ला हर्कपुर गा.वि.स. वडा नं.४ को ऐ.ऐ. हर्कपुर गा.पा. वडा नं.६ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला ईटहरी उप.म.न.पा. वडा नं.२० बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त भोलानाथ खतिवडा.....................................................१

चंख ब. मगरको नाति मानवीर मगरको छोरा मोरङ जिल्ला भोगटेनी गा.वि.स. वडा नं.८ को ऐ.ऐ. लेटाङ्ग न.पा. वडा नं.१ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला धरान उप.म.न.पा. वडा नं.५ बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त भगीमान मगर.....................................................१

जस ब. लिम्बुको नाति गज ब. लिम्बुको छोरा तेह्रथुम जिल्ला ईसिबु गा.वि.स.वडा नं.९ को ऐ.ऐ. ईसिबु गा.पा. वडा नं.७ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला धरान उप.म.न.पा.वडा नं.८ बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त कृष्ण ब. लिम्बु.. .....................................................१

गुमानसिंह राईको नाती पृथीपाल राईको छोरा भोजपुर जिल्ला ठुलो दुम्मा गा.वि.स. वडा नं.१ को ऐ.ऐ. पौवा दुम्मा गा.पा. वडा नं.६ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला सुन्दरहरैंचा न.पा. वडा नं.९ बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त खड्ग राई.....................................................१

श्रीकृष्ण साहको नाती मोहन साहको छोरा धनुषा जिल्ला रघुनाथपुर

गा.वि.स.वडा नं.६ को ऐ.ऐ. सबैला न.पा. वडा नं.१३ स्थायी ठेगाना भई कृषि विकास बैङ्कबाट अवकाश प्राप्त कृष्णदेव साह कलावर.............................१

सुबै सहनिको नाती सरुप सहनीको छोरा सिराहा जिल्ला गाढा गा.वि.स. वडा नं.९ को ऐ.ऐ. लहान न.पा. वडा नं.२३ स्थायी ठेगाना भई कृषि विकास बैङ्कबाट अवकाश प्राप्त ईन्द्र नारायण सहनी.........................................१

जसे दनुवारको नाती दुखवा दनुवारको छोरा उदयपुर जिल्ला भुमरसुब्बा गा.वि.स. वडा नं.५ को ऐ.ऐ. त्रियुगा न.पा. वडा नं.८ स्थायी ठेगाना भई ऐ.ऐ.न.पा. वडा नं.११ बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त भक्त ब. दनुवार.............................................................................................१

लक्ष्मी यादवको नाती सुनर यादवको छोरा महोत्तरी जिल्ला खुटापिपरी गा.वि.स. वडा नं.७ को ऐ.ऐ. लोहारपट्टी न.पा. वडा नं.४ स्थायी ठेगाना भई कृषि विकास बैङ्कबाट अवकाश प्राप्त हरिश्चन्द्र यादव.............................................१

दुखरन महत्तोको नाती बिलट महतोको छोरा महोत्तरी जिल्ला जलेश्वर न.पा. वडा नं.४ स्थायी ठेगाना भई बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त राजदेव महतो सुडी ...........................................................................................१

बिरजीत शाहीको नाती नरेन्द्र ब. शाहीको छोरा जुम्ला जिल्ला कास्वा गा.वि.स.वडा नं.६ को ऐ.ऐ.चन्दननाथ न.पा. वडा नं.१० स्थायी ठेगाना भई कृषि विकास बैङ्कबाट अवकाश प्राप्त जनक बहादुर शाही.............................१

तुला रावतको नाती लाल सिं रावतको छोरा मुगु जिल्ला गम्छा गा.वि.स. वडा नं.५ को ऐ.ऐ. खत्याड गा.पा.वडा नं.७ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला टिंकापुर न.पा. वडा नं.१ बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त सुर बहादुर रावत...............................................................................................१

परु सिंह रोकायाको नाति काली ब. रोकायाको छोरा मुगु जिल्ला सुकाढिक गा.वि.स. वडा नं.५ को ऐ.ऐ. खत्याड गा.पा. वडा नं.९ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला धनगढी उप.म.न.पा. वडा नं.१ बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त अजय बहादुर रोकाया...............................................१

बिनरुप रोकायाको नाती लालवीर रोकायाको छोरा मुगु जिल्ला सुकाढिक गा.वि.स. वडा नं.५ को ऐ.ऐ. खत्याड गा.पा. वडा नं.९ स्थायी ठेगाना भई हाल बाँके जिल्ला नेपालगञ्ज उप.म.न.पा. वडा नं.१८ बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त मान बहादुर रोकाया............................................... १

शंकर आचार्यको नाती दत्त आचार्यको छोरा कालीकोट जिल्ला सुकाटिया गा.वि.स. वडा नं.६ को ऐ.ऐ. कालिका गा.पा. वडा नं.६ स्थायी ठेगाना भई हाल काठमाडौंजिल्ला काठमाडौं म.न.पा. वडा नं.१५ बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त विष्णु प्रसाद आचार्य..........................................................१

जहरमान राईको नाती पञ्च बहादुर राईको छोरा धनकुटा जिल्ला छिन्ताङ गा.वि.स. वडा नं.४ को ऐ.ऐ. शहिदभुमी गा.पा. वडा नं.३ स्थायी ठेगाना भई हाल ईलाम जिल्ला सुर्यदय न.पा. वडा नं.१० बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त दुर्गा बहादुर राई...........................................................१

धौल ब. परियारको नाती कर्ण ब. परियारको छोरा ओखलढुंगा जिल्ला हर्कपुर गा.वि.स.वडा नं.५ को ऐ.ऐ.मोलुङ गा.पा. वडा नं.४ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला ईटहरी उप.म.न.पा. वडा नं.२ बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त नरबहादुर परियार..........................................................१

ताराप्रसाद खनालको नाति त्रिलोचन खनालको छोरा चितवन जिल्ला पटिहानी गा.वि.स.वडा नं.८ को हाल ऐ.ऐ. भ.म.न.पा. वडा नं.१३ स्थायी ठेगाना भई कृषि विकास बैङ्कबाट अवकाश प्राप्त भेषराज खनाल.......................................१

भुवानी शंकर अर्यालको नाती द्रोणचार्य अर्यालको छोरा गोरखा जिल्ला नारेश्वर गा.वि.स. वडा नं.४ को हाल ऐ.ऐ. गोरखा न.पा. वडा नं.३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला नागार्जुन न.पा. वडा नं.२ बसी कृषि विकास बैङ्कबाट अवकाश प्राप्त ऋषिराम अर्याल ..........................................................१

**विरूद्ध**

का.जि.का.म.न.पा. वडा नं.११ रामशाह पथ काठमाडौंमा मुख्य कार्यालय रहेको कृषि विकास बैङ्क लि...............................................................................१ **प्रत्यर्थी**

ऐ.ऐ.को सञ्चालक समिति...........................................................................१

ऐ.ऐ.को अवकास कोष प्रबन्ध समिति..............................................................१

नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्यगत व्यहोरा र आदेश यसप्रकार छ।

**तथ्यगत व्यहोरा**

१. निवेदकहरु नेपालकों संविधानले ग्यारेन्टी गरेको पेशा व्यवसाय गर्न पाउने हकको उपयोग गर्दै विपक्षी कृषि विकास बैङ्कमा विधिवत रुपमा बैङ्कको नियमानुसार स्थायी

रुपमा नियुक्ति प्राप्त गरी सेवा प्रवेश गरेको र उक्त संस्थामा अविच्छिन्न रुपमा ३० (तिस) वर्ष सेवा गरे पश्चात संलग्न गरिएको कागजात बमोजिम विभिन्न पदमा पद्धोन्नती भई अवकाश प्राप्त गरी सेवा निवृत भएको र आफ्नो सेवा अवधिमा सेवा गरे वापत विभिन्न सुविधा शिर्षकमा जम्मा गरेको रकम विपक्षी बैङ्कको स्विकृत अवकाश कोषमा हाल सम्म जम्मा हुन आएको रकम अवकाश पश्चात माग गरी लिंदा विपक्षीले गैर कानूनी रुपमा कर कट्टी गरी हामीहरुले कानूनत पाउनु पर्ने सम्पूर्ण रकम भुक्तानी नदिई हामीले कानूनत पाउने रकम भन्दा कम रकम उपलब्ध गराएको छ। स्विकृत अवकासको भुक्तानी दिंदा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा १ को प्राक्कथन (१) मा रहेको कानूनी व्यवस्था मुताबिक ५(पाँच) प्रतिशत रकम कर कट्टी गरी भुक्तानी दिनु पर्नेमा सो कानूनी व्यवस्था विपरित थप १०(दश) प्रतिशत रकम समेत कट्टा गरी आफ्नो खातामा राखी हामीलाई अति नै अन्याय गरेको अवस्था छ।

२. मिति २०७७।०३।०९ एवं २०७७।०३।१४ मा अवकास कोष प्रबन्ध समितिमा हामीहरुले सामुहिक रुपमा हाम्रो बिना आधार भुक्तानी नदिई रोकी राखेको सम्पूर्ण रकम भुक्तानी पाउँ भनीं निवेदन गर्दा समेत कुनै निर्णय नगरी कानूनत कर भुक्तान गरी सकेपश्चात स्विकृत प्राप्त अवकास कोषमा जम्मा गरिने अवकाश कोषको रकममा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को प्राक्कथन (१) मा उल्लेख भएको भन्दा बढि दर अर्थात कानूनत ५(पाँच) प्रतिशत मात्र कर कट्टी गरी बाँकी सम्पूर्ण रकम भुक्तान गर्नु पर्नेमा आयकर ऐन, २०५८ मा रहेको स्विकृत प्राप्त अवकास कोषको भुक्तानी सम्बन्धि कानूनी व्यवस्थाको पूर्णत बर्खिलाप हुने गरी १५(पन्ध्र) प्रतिशतका दरले कर कट्टी गरी बिना कानूनी आधार हाम्रो रकम रोक्का गरी राखेको अवस्था छ।

३. विपक्षी बैङ्कको सञ्चालक समितिको निर्णयबाट स्थापना तथा सञ्चालन हुँदै आइरहेको कृषि विकास बैङ्क लि. कर्मचारी अवकाश कोष, २०५९ आयकर ऐन, २०५८ को दफा ६३ को उपदफा (१) मा रहेको कानूनी व्यवस्था मुताविक आन्तरिक राजश्व विभागमा निवेदन दिएको र उक्त निवेदन पश्चात विभागबाट मिति २०६६।०२।२६ मा संसोधित विधान स्विकृत भई "कृषि विकास बैङ्क लि. कर्मचारी अवकाश कोष विधान, २०६५" लागु रहेको अर्थात कानूनत विपक्षी बैङ्कको अवकाश कोष स्विकृत अवकाश कोषको

रुपमा स्थापना भई सम्पूर्ण कर्मचारीले आफुले वार्षिक रुपमा कमाएको रकममा वार्षिक रुपमा तिर्नुपर्ने सम्पूर्ण कर तिरीसकेपश्चात जम्मा भएको रकम रहेको र कानूनले निर्दिष्ट गरेको सम्पूर्ण प्रक्रिया पुरा गरी सोही कानूनका आधारमा सञ्चालित समेत रहे भएको अवस्था छ।

४. उल्लेख भए बमोजिम स्विकृत अवकाश कोषका सम्बन्धमा कर लगाउने प्रयोजनको लागी आयकर ऐन, २०५८ को परिच्छेद १२ को अधिनमा रही ऐ.ऐनको दफा ८८ को उपदफा १ को प्राक्कथनको (१) बमोजिम मात्र कर गणना गरी अवकाश कोषको रकम अवकाश हुदाँको बखत भुक्तानी गर्नुपर्नेमा सो नगरी गोश्वारा रुपमा १५(पन्ध्र) प्रतिशतका दरले कट्टी गरी ५ प्रतिशत नेपाल सरकारको सर्वसञ्चित कोषमा पठाई बाँकी १० प्रतिशत असुल गरी आफ्नो खातामा नै राख्ने गरी हामीलाई भुक्तानी नदिएको विपक्षीको कार्य आयकर ऐन, २०५८ मा रहेको अवकाश कोषको भुक्तानी सम्बन्धि कानूनी व्यवस्था एवं नेपालको संविधानको धारा ११५ समेतको विपरित हुने गरी कर कट्टी गरिएको विपक्षीको उक्त कार्य नेपालको संविधान र प्रचलित नेपाल कानूनको समेत विपरित भएकोले उक्त गैरकानूनी कार्य नेपालको संविधानको धारा १३३ को उपधारा (३) बमोजिम उत्प्रेषणको आदेशद्धारा बदर गरी पाऊ। साथै उल्लेखित संवैधानिक व्यवस्था तथा आयकर ऐन, २०५८ को दफा ८८ र आयकर नियमावली, २०५९ को नियम २० अनुसार अवकाश कोषको भुक्तानीमा केवल ५(पाँच) प्रतिशत मात्र कर लाग्नेमा गैर कानूनी रुपमा १५(पन्ध्र) प्रतिशतका दरले कर कट्टी गरी पाँच (५) प्रतिशत करको रकम नेपाल सरकारको सर्वसञ्चित कोषमा जम्मा गरी सकेको भएता पनि कानूनले तोकेको भन्दा १०(दश) प्रतिशत बढि कर लगाएको रकम निवेदकहरु एवं अव उपरान्त अवकास प्राप्त गर्ने बैङ्कका सम्पूर्ण कर्मचारीको अवकाश भुक्तानी गर्दा भुक्तानी गर्न रोकतोक नलगाई फिर्ता गर्नु भनि विपक्षीहरुको नाउमा परमादेशको आदेश समेत गरी न्याय पाऊ। साथै विपक्षीहरुबाट कानूनत लाग्दै नलाग्ने करको दर लगाई भुक्तानी नदिएको हामीहरुको सम्पूर्ण रकम रु.२,५८,९४,६७२।७९ गैर कानूनी रुपमा नेपाल सरकारको खातामा जम्मा गराउने आशंका विद्यमान रहेको अवस्था हुदाँ सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम नेपाल सरकारको खातामा हस्तान्तरण नगर्नु नगराउनु भनी विपक्षीहरुको नाउमा अन्तरिम आदेश समेत जारी गरी पाऊ भन्ने व्यहोराको निवेदनपत्र।

५. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए आधार कारण सहित यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिन भित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत् लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू। साथै अन्तरिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा दुवै पक्षको उपस्थितिमा छलफल हुन उपयुक्त देखिएकोले मिति २०७७।४।११।१ मा अन्तरिम आदेशको छलफलको लागि पेसी तोकी सो दिन उपस्थित हुन विपक्षीहरुलाई सूचना दिई निवेदक रामवृक्ष मण्डल र विपक्षी मुख्य कार्यालय कृषि विकास बैंक समेत रहेको मुद्दा नं. ०७५-WO-०६१३ तथा निवेदक विमल कुमार भट्टराई समेत र विपक्षी मुख्य कार्यालय कृषि विकास बैंक समेत रहेको मुद्दा नं. ०७६-WO-०४९२ का रिट निवेदन समेत साथै राखी नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०७७।४।६ को आदेश।

६. नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभागको च.नं. २५९ मिति २०६६।०२।२६को पत्रले कृषि विकास बैंक लि. कर्मचारी अवकास कोष विधान २०६५ लाई स्विकृत प्रदान भई सोहि विधान वमोजिम संस्थापित कृषि विकास बैंक लि. कर्मचारी अवकास कोषले बैंकमा कार्यरत कर्मचारीहरुको अवकासका वखत पाउने रकमको व्यवस्थापनको कार्य गर्दै आएको छ। कृषि विकास बैंक लि. कर्मचारी सेवा विनियमावली, २०६२ (शंसोधन सहित) अनुसार बैंकका कर्मचारीहरुले अवकास प्राप्त गरेपछि प्राप्त गर्ने र उपदान, संचयकोष, विदाको रकम, औषधोपचार खर्च, विमा लगायत कानून अनुरुप कर्मचारीहरुले पाउने रकम यसै अवकास कोष मार्फत भुक्तानी भईरहेको अवस्था छ। प्रस्तुत रिट निवेदनमा निवेदकले आफुले प्राप्त गर्नु पर्ने सुविधा प्राप्त नगरेको भनी कुनै जिकिर नलिएबाट कृषि विकास बैंक लि.को सञ्चालक समितिबाट निवेदकहरुको कानूनी हक तथा सम्पत्ति सम्बन्धि संबैधानिक हक विपरित कार्य नगरेको स्पष्ट छ।

७. प्रत्येक स्थायी कर्मचारीहरुले पुरा गरेको सेवा अवधिका आधारमा श्रृजित बैंकको दायित्व वमोजिम सो को लागि रकम व्यवस्था गरी बैंक र कर्मचारीले गरेको सबै योगदानलाई

सालबसाली रुपमा बैंकले एकमुष्ठ रकम अवकास कोष व्यवस्थापन कार्यालयलाई उपलब्ध गराउदै आएको छ। यसरी उपलब्ध गराएको रकमको परिचालन गरी कोषले आफ्नो स्रोतमा वढी वढाउ समेत गर्न सक्ने व्यवस्था छ। यसै अदालतमा विचाराधिन ठीक यसै प्रकृतिको उत्प्रेषणयुक्त परमादेश समेत मुद्दा (क्रमशः मुद्दा नं. ०७५-wo-०६१३ र ०७६-wo-०४९२) मा सम्मानित अदालतबाट भुक्तानी दिनुपर्नेमा राखिएको रकम कर कार्यालयलाई भूक्तानी नदिई यथास्थितिमा राख्न भनी दुबै मुद्दामा कमशः मिति २०७५। १०।६ र मिति २०७६।८।२० मा कर्मचारी अवकास कोष तथा बैंकको नाममा अन्तरिम आदेश भएकोमा यी निवेदकहरुको हकमा समेत समान प्रकृती र अवस्था विद्यमान भएकोले सम्मानित अदालतको आदेश समेतको पालना गरी विपक्षी निवेदकहरुको हकमा समेत आएकर ऐन, २०५८ को दफा ६५(१) तथा दफा ८८ (१)(१) मा थप गरि योगदानमा आधारित अवकाश भुक्तानी भन्ने व्यवस्था थप भएको सन्दर्भमा सो मा अस्पष्टता देखिएकोले बैंकको वित्त तथा लेखा विभागको च.नं. ९ मिति २०७५।०४।०७ मा नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, लाजिम्पाटलाई आन्तरिक राजश्व कार्यालयबाट स्वीकृत प्राप्त कृषि विकास बैक लि, कर्मचारी अवकास कोष व्यवस्थापन कार्यालयले साविक वमोजिम भुक्तानी गरेको ५ प्रतिशत कर वा १५ प्रतिशत कर लाग्ने के हो आवश्यक जानकारी माग गरेकोमा सो को जवाफ प्राप्त नभएकाले अवकाश भुक्तानीको १५ प्रतिशतले कट्टी गरिएको हो। यस्तो रकम विपक्षी निवेदकले भने जस्तो कर कार्यालयमा दाखिला गरिएको पनि होइन। आन्तरीक राजश्व विभागबाट जवाफ प्राप्त नभएकोले साविक वमोजिम ५ प्रतिशत कर कार्यालयमा दाखिला गरेको र बाँकी १० प्रतिशत रकम निर्णय भएका वखत निर्णय वमोजिम गर्ने गरी हाल भुक्तानी दिनुपर्नेमा राखिएको मात्र हो। विपक्षी निवेदकहरुले यस बैंकको सेवाबाट निवृत्त हुँदा निजहरुलाई दिनुपर्ने हिसाव गरी साविक व्यवस्था वमोजिम ५ प्रतिशतका दरले लाग्ने कर रकम रु.१,०८,४७,५२५।०५ कट्टी गरी कर कार्यालयमा दाखिला गरी सकिएको र १० प्रतिशतका दरले हुने रकम रु.२,५८,९४,६७२।७८ कट्टी गरी सम्मानित न्यायालयबाट निर्णय भएका बखत निज निवेदकहरुलाई दिनुपर्ने देखिए निजहरुलाई नै र कर कार्यालय दाखिला गर्नुपर्ने भनि निर्णय भए कर कार्यालय दाखिला गर्ने असल मनसायले भुक्तानी दिनुपर्ने हरहिसाबमा राखेको अवस्था छ। निवेदकको माग वमोजिमको आदेश जारी गर्नु पर्ने अवस्था छैन

। रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको विपक्षी कृषि विकाश बैंक मुख्य कार्यालय रामशाहपथ काठमाण्डौ र ऐ ऐ को संचालक समितिको एकै व्यहोराको पृथक पृथक लिखित जवाफ।

८. नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभागको च.नं. २५९ मिति २०६६।०२।२६ को पत्रले कृषि विकास बैंक कर्मचारी अवकास कोष विधान २०६५ लाई स्विकृत प्रदान भई सोहि विधान वमोजिम संस्थापित कृषि विकस बैंक लि. कर्मचारी अवकास कोष कृषि विकास बैंक लि. भन्दा भिन्न अस्तित्व रहेको निकाय हो। यो कोषको छुट्टै विधान र विधान वमोजिम गठन हुने प्रवन्ध समितिले कोषको तर्फबाट कार्य गर्दै आएको छ। कर्मचारीहरुले अवकास प्राप्त गरेपछि प्राप्त गर्ने उपदान, संचयकोष, विदाको रकम, औषधोपचार खर्च, विमा लगायत कानून अनुरुप कर्मचारीहरुले पाउने रकम यसै अवकास कोष कार्यालय मार्फत भुक्तानी भईरहेको अवस्था छ। प्रस्तुत रिट निवेदनमा निवेदकंले आफुले प्राप्त गर्नु पर्ने सुविधा प्राप्त नगरेको भनी कुनै जिकीर नलिएबाट कृषि विकास बैंक लि. कर्मचारी अवकास कोष व्यवस्थापन कार्यालयबाट निवेदकहरुको कानूनी हक तथा सम्पत्ती सम्बन्धि संबैधानिक हक विपरित कार्य नगरेको स्पष्ट छ।

९. प्रत्येक स्थायी कर्मचारीहरुले पुरा गरेको सेवा अवधिका आधारमा श्रृजित बैंकको दायित्व वमोजिम सो को लागि रकम व्यवस्था गरी बैंक र कर्मचारीले गरेको सबै योगदानलाई सालबसाली रुपमा बैंकले एकमुष्ठ रकम अवकास कोष व्यवस्थापन कार्यालयलाई उपलब्ध गराउदै आएको छ। यसरी उपलब्ध गराएको रकमको परिचालन गरी कोषले आफ्नो स्रोतमा वढी वढाउ समेत गर्ने गर्दछ। यस प्रयोजनका लागि कोषले छुट्टै कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा गरी सोहि वमोजिम कार्यान्वयन गर्दै आएको छ। यसै अदालतमा विचाराधीन रहेको रिट निवेदक रामवृक्ष मण्डल र विमल कुमार भट्टराई तथा विपक्षी कृषि विकास बैंक लि.समेत भएको दुबै उत्प्रेषण मुद्दामा क्रमशः मिति २०७५।१०।६ र मिति २०७६।८।२० मा बैंकको नाममा अन्तरिम आदेश भएकोमा प्रस्तुत मुद्दाका निवेदकहरुको हकमा समेत समान प्रकृती र अवस्था विद्यमान भएकोले सम्मानित अदालतको आदेश समेतको पालना गरि ५ प्रतिशत रकम कर वापट कट्टा गरी बाँकि १० प्रतिशत रकम बैंक खातामा जम्मा रहेको अवस्था हो। भुक्तानी दिनुपर्ने बाँकि रकम

निवेदक वा कर कार्यालयलाई समेत कसैलाई भूक्तानी नदिई भुक्तानी दिनुपर्ने हिसावमा राखिएको मात्र हो।

१०. आर्थिक वर्ष २०७५/७६ को आर्थिक विधेयकमा आयकर ऐन ,२०५८ को दफा ६५(१) तथा दफा ८८ (१) मा संशोधन भै योगदानमा आधारित अवकाश भुक्तानी भन्ने व्यवस्था थप भएको सन्दर्भमा सो मा अस्पष्टता देखिएकोले बैंकको वित्त तथा लेखा विभागको च.नं. ९ मिति २०७५।४।७ मा नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग विभाग, लाजिम्पाटलाई आन्तरिक राजश्व कार्यालयबाट स्वीकृत प्राप्त कृषि विकास बैंक लि, कर्मचारी अवकास कोष व्यवस्थापन कार्यालयले साविक वमोजिम भुक्तानी गरेको ५ प्रतिशत कर वा १५ प्रतिशत कर लाग्ने के हो आवश्यक जानकारी माग गरेकोमा सो को जवाफ प्राप्त नभएकाले अवकाश भुक्तानीको १५ प्रतिशतले कट्टी गरिएको हो। यस्तो रकम विपक्षी निवेदकले भने जस्तो कर कार्यालयामा दाखिला गरिएको पनि होइन। आन्तरीक राजश्व विभागबाट जवाफ प्राप्त नभएकोले साविक वमोजिम ५ प्रतिशत कर कार्यालयमा दाखिला गरेको र बाँकी १० प्रतिशत रकम निर्णय भएका वखत निर्णय वमोजिम गर्ने गरी हाल भुक्तानी दिनुपर्नेमा राखिएको मात्र हो। विपक्षी निवेदकहरुले यस बैंकको सेवाबाट निवृत्त हुँदा निजहरुलाई दिनुपर्ने हिसाव गरी साविक व्यवस्था वमोजिम ५ प्रतिशतका दरले लाग्ने कर रकम रु.१,०८,४७,५२५।०५ कट्टी गरी कर कार्यालयमा दाखिला गरी सकिएको र १० प्रतिशतका दरले हुने रकम रु.२,५८,९४,६७२।७८ कट्टी गरी सम्मानित न्यायालयबाट निर्णय भएका बखत निज निवेदकहरुलाई दिनुपर्ने देखिए निजहरुलाई नै र कर कार्यालय दाखिला गर्नुपर्ने भनि निर्णय भए कर कार्यालय दाखिला गर्ने असल मनसायले भुक्तानी दिनुपर्ने हरहिसाबमा राखेको अवस्था छ। निवेदकको माग वमोजिमको आदेश जारी हुन पर्ने अवस्था छैन। रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको विपक्षी कृषि विकास बैंक लि. कर्मचारी अवकास कोष व्यवस्थापन कार्यालयको लिखित जवाफ।

११. यसमा विपक्षीहरुको तर्फबाट पेश भएको लिखित जवाफ प्रकरण १(घ) मा " विपक्षी निवेदकहरुले यस बैंकको सेवाबाट निवृत हुँदा निजहरुलाई दिनु पर्ने हिसाब गरी साबिक व्यवस्था बमोजिम ५ प्रतिशतका दरले लाग्ने कर रकम रु.१,०८,४७,५२५।०५ कट्टी गरी कर कार्यालयमा दाखिला गरी सकिएको र १० प्रतिशतका दरले हुने रकम रु.

२,५८,९४,६७२।७८ कट्टी गरी सम्मानित न्यायालयबाट निर्णय भएका बखत निज निवेदकहरुलाई दिनु पर्ने देखिए निजहरुलाई नै र कर कार्यालयमा दाखिला गर्नु पर्ने भनी निर्णय भए कर कार्यालयमा दाखिला गर्ने असल मनसायले भुक्तानी दिनु पर्ने हरहिसाबमा राखेको अवस्था छ". भन्ने वेहोरा उल्लेख भएको देखिन्छ। यसै विषयमा यसै लगाउको रिट नं.०७५-WO-०५१२ र ०७५-WO-०६१३ को उत्प्रेषण मुद्दामा अन्तरिम आदेशसमेत भैसकेको देखिँदा हाललाई अन्तरिम आदेशका सम्वन्धमा केही वोलीरहन परेन। प्रस्तुत निवेदन पूर्ण सुनुवाईका लागि नियमानुसार गरी पेश गर्नुहोला भन्ने यस अदालतको मिति २०७७।८।१० को आदेश।

## यस अदालतको आदेश

१२. नियमबमोजिम दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री शम्भु थापा, श्री चण्डेश्वर श्रेष्ठ, श्री तुलसी भट्ट र विद्वान अधिवक्ताहरु श्री समिर शर्मा र श्री प्रकाश रेग्मीले कृषि विकाश बैंक अवकाश कोष आयकर ऐन २०५८ बमोजिम नेपाल सरकारबाट स्वीकृत प्राप्त अवकाश कोष हो।सो कोषबाट कर्मचारीहरुको योगदान समेतमा कोषको बिधान बमोजिम अवकाशपश्चातका सुविधाहरुको भुक्तानी हुने गर्दछ। आयकर ऐन २०५८ को दफा ८८ अनुसार स्वीकृत अवकाश कोषको भुक्तानीमा पाँच प्रतिशत मात्र कर लाग्ने हो। नेपालको संविधानको धारा ११५ अनुसार कसैलाई पनि कानून वमोजिम वाहेक कर लगाउन मिल्दैन। तर विपक्षी अवकाश कोषले उल्लिखित संवैधानिक र कानूनी व्यवस्था विपरित निवेदकहरुलाई भुक्तानी गरेको अवकाश कोषमा कानून विपरित थप १० प्रतिशत रकम कट्टा गरी धरौटी खातामा राखेकोले उत्प्रेषणको आदेश द्वारा उक्त निर्णय वदर गरी कट्टा गरेको थप १० प्रतिशत रकम निवेदकहरुलाई फिर्ता दिनु भन्ने परमादेश समेत जारी हुनुपर्दछ भनी वहस गर्नु भयो।

१३. प्रत्यर्थी कृषि विकास बैंक लि. र ऐ को अवकाश कोष समेतको तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री कोमल प्रकाश घिमिरे तथा विद्वान अधिवक्ताहरु श्री झम्क प्रसाद तिमल्सिना र श्री निमर्लराज कोइरालाले निवेदकहरुले प्राप्त गर्ने अवकाश कोषको भुक्तानीमा कर्मचारीको समेत योगदान रहेको हुन्छ। अवकाश कोषको भुक्तानीमा पाँच वा पन्ध्र कति प्रतिशत कर रकम कट्टा गर्नु पर्ने हो भन्ने अस्पष्टता भै

आन्तरिक राजश्व विभागलाई सोधिएकोमा सो को कुनै जवाफ प्राप्त नभएकोले अवकाश कोषको भुक्तानीमा कर्मचारीहरुबाट पन्ध्र प्रतिशत रकम कट्टा गरेको भएतापनि कर वापत पाँच प्रतिशत रकम मात्र दाखिला गरी बाँकी दश प्रतिशत रकम यस अदालतको फैसला बमोजिम हुने गरी कोषको धरौटी खातामा राखी कर वापत राजस्व दाखिला गरेको अवस्था नहुंदा माग वमोजिमको कुनै आदेश जारी हुनु पर्ने अवस्था छैन; रिट निवेदन खारेज हुनुपर्दछ भनी वहस प्रस्तुत गर्नु भयो।

१४. यसमा, निवेदकहरुले आफूहरु कृषि विकास बैंक लि.को अवकाश प्राप्त कर्मचारी भएको र सो वैंकको सेवाबाट अवकाश प्राप्त गर्दा प्राप्त हुने अवकाश भुक्तानी रकममा आयकर ऐन, २०५८ वमोजिम पाँच प्रतिशत आयकर लाग्नेमा प्रत्यर्थी कृषि विकास बैंक अवकाश कोष प्रवन्ध समिति समेतले गैरकानूनी रुपमा पन्ध्र प्रतिशत कर कट्टी गरी पाँच प्रतिशत रकम कर वापत राजश्वमा दाखिला गरेको र दश प्रतिशत रकम कोषको खातामा धरौटी राखेको कार्य आयकर ऐन नियम विपरित भएकोले अवकाश भुक्तानीमा पन्ध्र प्रतिशत कर कट्टी गर्ने विपक्षीहरुको उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा वदर गरी धरौटी खातामा राखिएको दश प्रतिशतको रकम निवेदकहरुलाई फिर्ता दिनु र अवकाश भुक्तानीमा कानून विपरित पाँच प्रतिशत भन्दा बढी कर कट्टी नगर्नु भनी परमादेश लगाएत उपयुक्त आदेश जारी गरी पाउँ भन्ने मुख्य मागदाबी लिएको देखिन्छ । यसैगरी, विपक्षीहरुले आफ्नो लिखित जबाफमा मुख्यतया बैंकको अवकाश कोष पूर्णरुपमा योगदानमा आधारित नभएको र आयकर ऐन, २०५८ लाई आर्थिक ऐन, २०७५ ले गरेको संशोधनमा योगदानमा आधारित अवकाश कोषको भुक्तानीमा मात्र पाँच प्रतिशतका दरले कर लाग्ने भन्ने उल्लेख भएकाले अवकाश कोषको भुक्तानीमा पाँच वा पन्ध्र कति प्रतिशत कर लाग्ने हो भन्ने एकिन नभएकाले कर्मचारीहरुबाट पन्ध्र प्रतिशत कर कट्टा गरी पाँच प्रतिशत रकम कर वापत राजस्वमा दाखिला गरी बाँकी दश प्रतिशत रकम धरौटी खातामा राखिएको अवस्था हुंदा माग वमोजिमको कुनै आदेश जारी हुनु पर्ने अवस्था छैन, निवेदन खारेज हुनुपर्ने भन्ने लिखित जवाफ जिकिर भएको प्रस्तुत मुद्दामा दुबैतर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता तथा विद्वान अधिवक्ताहरुले गर्नुभएको तर्कपूर्ण बहस जिकिर समेत मनन गरी प्रस्तुत निवेदनमा निवेदकको माग वमोजिमको कुनै आदेश जारी हुनु पर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखिन आयो।

१५. अब निर्णयतर्फ विचार गर्दा, रिट निवेदकहरु प्रत्यर्थी कृषि विकास बैंक लि.मा विभिन्न तहमा विभिन्न अवधिसम्म कार्य गरी विभिन्न मितिमा अवकाश भएको देखिन्छ। मिसिल संलग्न कृषि विकास बैंक लि. को कर्मचारी अवकाश कोषको विधान,२०६५ हेर्दा सो, बैंकका कर्मचारीहरु बैंकको सेवाबाट अवकाश हुंदा सञ्चय कोष, उपदान लगायतको अवकाशपश्चातको सेवा सुविधाको भुक्तानी बैंकको सोही अवकाश कोषबाट हुने भन्ने देखिन्छ। आयकर ऐन, २०५८ को दफा २(ङ) ले अवकाश भुक्तानीलाई प्राकृतिक व्यक्तिले अवकाश लिएको अवस्थामा निजलाई दिएको भुक्तानी वा प्राकृतिक व्यक्तिको मृत्यु भएको अवस्थामा निजको आश्रितलाई दिइने भुक्तानी भनी परिभाषित गरेको देखिएको र अवकाश भुक्तानीका सम्बन्धमा प्रत्यर्थी कोषको विधानको धारा २० मा अवकाश कोषको रकम कर्मचारी वा कामदार सेवाबाट अवकाश प्राप्त गर्दा, निजको उमेर ५८ वर्ष वा सेवा अवधि ३० वर्ष पुगेमा र निजको मृत्यु वा स्थायी रुपमा अपाङ्ग भएमा भुक्तान गर्न सकिने भन्ने व्यवस्था देखिंदा विधान बमोजिम गरिने उक्त अवकाश कोषको भुक्तानीलाई आयकर ऐन, २०५८ को दफा २(ङ) मा परिभाषित अवकाश भुक्तानीका रुपमा लिनुपर्ने देखिन आयो।

१६. प्रत्यर्थी कृषि विकास बैंक लि. को कर्मचारी अवकाश कोषको विधान,२०६५ आयकर ऐन, २०५८ को दफा ६३ तथा आयकर नियमावली,२०५९ को नियम २१ बमोजिम आन्तरिक राजस्व विभागबाट स्वीकृत भएको मिसिल संलग्न आन्तरिक राजस्व विभागको मिति २०६६।२।२६ को च.नं. २५९ को पत्रबाट देखिन आउंदा आयकर ऐन २०५८ को प्रयोजनका लागि उक्त विधान बमोजिमको अवकाश कोषलाई स्वीकृत अवकाश कोषका रुपमा लिनुपर्ने देखियो।

१७. अब उल्लिखित स्वीकृत अवकाश कोषबाट हुने अवकाश भुक्तानीमा के कसरी आयकर लाग्ने रहेछ भन्ने सम्बन्धमा हेर्दा आयकर ऐन,२०५८ ले आयकर प्रयोजनका लागि अवकाश भुक्तानीमा आयको गणना गर्ने बिधि र करको दर समेत निर्धारण गरेको देखिन्छ। ऐनको दफा ६५को उपदफा (१) ले स्वीकृत अवकाश कोषमा रहेको योगदानमा आधारित हितबाट भएको वा नेपाल सरकारबाट भएको अवकाश भुक्तानी आयमा गणना गर्ने विधि उल्लेख गरेको र उपदफा (२) ले स्वीकृति नलिएको अवकाश कोषमा रहेको हितबाट भएको अवकाश भुक्तानीका सम्बन्धमा उल्लेख गरेको देखिन्छ।

यी निवेदकहरुको अवकाश भुक्तानी स्वीकृत अवकाश कोषबाट हुने भएकाले निजहरुको अवकाश भुक्तानीमा उपदफा (१) मा निर्धारित विधि र प्रकृयाबाट आयको गणना गर्नुपर्ने देखिन आउंछ।

१८. आयकर ऐन,२०५८ को दफा ८८ को उपदफा (१) हेर्दा देहायको व्यवस्था देखिन्छः

> "(१) बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्रि बोनस, अवकाश भुक्तानी, र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ।"

१९. उल्लिखित कानूनी व्यवस्था हेर्दा अवकाश भुक्तानी लगायत उपदफा (१) मा निर्दिष्ट गरिएका स्रोतको भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने भन्ने देखिएतापनि सोही उपदफामा रहेको प्रतिबन्धात्मक वाक्यांशले उपदफा (१) मा निर्दिष्ट कतिपय स्रोतका हकमा देहायका दरमा कर कट्टी गर्नुपर्नेछ भनी फरक करको दर समेत तोकेको देखिन आयो। सो मध्ये अवकाश कोषको भुक्तानीका सम्बन्धमा प्रतिबन्धात्मक वाक्यांशको देहाय (१) मा निम्न बमोजिमको व्यवस्था रहेको पाइन्छः

> "(१) नेपाल सरकारबाट भएको अवकाश भुक्तानी वा स्वीकृत अवकाश कोषबाट भएको योगदानमा आधारित अवकाश भुक्तानीको हकमा दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभमा पाँच प्रतिशतका दरले"

२०. यसप्रकार, आयकर ऐन,२०५८ को दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (१) को व्यवस्था हेर्दा नेपाल सरकारबाट भएको अवकाश भुक्तानी वा स्वीकृत अवकाश कोषबाट भएको योगदानमा आधारित अवकाश भुक्तानीको हकमा दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभमा पाँच प्रतिशतका दरले मात्र कर कट्टी गर्नुपर्ने भन्ने व्यवस्था देखिन्छ।

२१. मिसिल संलग्न प्रत्यर्थी कृषि विकास बैंक लि. ले आन्तरिक राजस्व विभागलाई गरेको पत्राचार हेर्दा अवकाश भुक्तानीमा पाँच वा पन्ध्र प्रतिशत के कति दरमा कर कट्टी गर्नुपर्ने भनी सोधनी गरेको देखिन्छ। वस्तुतः आयकर ऐन,२०५८ को दफा ८८ को उपदफा

(१) को व्यवस्था व्यक्तिको आयमा गणना हुने स्रोतमा गरिने कर कट्टाको मुल नियम हो तर सो उपदफामा रहेको प्रतिबन्धात्मक वाक्यांश उक्त मूल नियमको अपवादात्मक वा विशेष व्यवस्था हो। उपदफा (१) ले नेपालमा स्रोत भएका ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री वोनस लगायत अवकाश भुक्तानी र अन्य कुनै प्रतिफलको रकम भुक्तानीमा सामान्य तवरले लागू हुने गरी पन्ध्र प्रतिशत करको दर निर्धारण गरेको देखिन्छ भने उक्त उपदफामा रहेको प्रतिबन्धात्मक वाक्यांशले मुल नियममा उल्लेख भएका फरक फरक स्रोतको भुक्तानीमा फरक करको दर तोकेको देखिन्छ। यो करको दर तोक्ने सम्बन्धी विशेष व्यवस्था हो । कानूनमा भएको अपवादात्मक वा विशेष व्यवस्था (*proviso*) लाई विधायिकाको अन्तिम आशय(last intention of the makers)[1] का रुपमा लिइन्छ। कुनै कानूनमा एकै विषयमा सामान्य र विशेष दुई फरक प्रावधान देखिएमा विशेष कानूनी व्यवस्था मान्य (overriding effects) हुन्छ र यसले सामान्य कानूनी प्रावधानलाई निष्क्रिय वा संकुचित गराउंछ।[2]

२२. कानून ब्याख्याको उल्लिखित मान्यतालाई प्रस्तुत विबादको सन्दर्भमा हेर्दा आयकर ऐन,२०५८ को दफा ८८ को उपदफा (१) को मूल व्यवस्था उपर सो उपदफामा रहेको प्रतिबन्धात्मक वाक्यांशको ब्यवस्था लागू हुने अवस्था देखिन आयो। उक्त प्रतिबन्धात्मक वाक्यांशको देहाय (१) मा स्वीकृतप्राप्त अवकाश कोषबाट हुने अवकाश भुक्तानीमा गर्नुपर्ने कर कट्टाका दरका सम्बन्धमा सुस्पष्ट (Self-explanatory) कानूनी ब्यवस्था रहेको देखियो। कानूनको ब्याख्या गर्दा कानूनमा प्रयुक्त शब्दको सामान्य र सिधारुपमा जे अर्थ दिन्छ सोही रुपमा ब्याख्या गर्नुपर्छ ।तथापि, यदि उल्लिखित कानूनी ब्यवस्थालाई उपदफा (१) को मूल नियमसंग परस्पर बाझिएको र द्विविधायुक्त छ भनी मानेको खण्डमा पनि त्यस्तो द्विविधायुक्त कानूनको सुबिधा करदाताले नै पाउने हुन्छ। द्विविधायुक्त कानूनको प्रयोग करदाताको पक्षमा गर्नुपर्ने भन्ने कर कानूनको आधारभूत मान्यता रहिआएको छ। यस स्थितिमा, निवेदकहरुको अवकाश भुक्तानीमा लाग्ने करको दर ऐनको दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (१) ले

[1] P.St.J. Langan, ***Maxwell On the Interpretation of Statutes***, 12th Edition, N. M. Tripathi Private Limited, 1976, p.190-191.

[2] Generalia specialibus non derogant

पाँच प्रतिशत तोकेकोमा उपदफा (१) को मूल व्यवस्थाले तोकेको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने भन्ने व्यवस्था निवेदकहरुका हकमा आकर्षित हुने देखिएन।

२३. जहाँसम्म आयकर ऐन, २०५८ को दफा ६५ को अवकाश भुक्तानी सम्बन्धी व्यवस्थामा आर्थिक ऐन,२०७५द्वारा योगदानमा आधारित अवकाश भुक्तानी सम्बन्धी व्यवस्था थप भएको सन्दर्भमा अवकाश भुक्तानीमा पन्ध्र प्रतिशतले आयकर कट्टा हुनुपर्ने हो कि भन्ने प्रश्न छ त्यसतर्फ बिचार गर्दा अवकाश भुक्तानी आय गणना गर्ने प्रयोजनका लागि आयकर ऐन, २०५८ को दफा ६५ ले मूलभूत रुपमा दुई फरक प्रकृया निर्धारण गरेको देखिन्छ। **पहिलो**- स्वीकृत अवकाश कोषबाट हुने अवकाश भुक्तानीमा आय गणना गर्ने प्रकृया र **दोश्रो**- स्वीकृति नलिएको अवकाश कोषबाट हुने अवकाश भुक्तानीको आय गणना गर्ने प्रकृया। यस अन्तर्गत पहिलो विधिबाट आयको गणना गर्दा स्वीकृत अवकाश कोषमा रहेको योगदानमा आधारित, हितबाट भएको वा नेपाल सरकारबाट भएको अवकाश भुक्तानीलाई आयमा समावेश गर्नुपर्ने र यदि यस्तो भुक्तानी एकमुष्ठ रुपमा गरिएको छ भने यसरी गरिएको भुक्तानी रकमबाट सो भुक्तानी रकमको पचास प्रतिशत वा पाँच लाख रुपैयामध्ये जुन बढी हुन्छ सो घटाई हुने भुक्तानीलाई कर प्रयोजनका लागि आयमा गणना गर्नुपर्ने भन्ने देखिन्छ भने स्वीकृति नलिएको अवकाश कोषबाट भएको भुक्तानीका हकमा ऐनको दफा ६५ को उपदफा (२)ले भिन्न प्रकृया निर्धारण गरेको देखिन्छ। स्वीकृत अवकाश कोषका हकमा योगदानमा आधारित वा हितबाट भएको दुबै आयलाई आय गणनाको एउटै प्रकृयाले समेटेको देखियो। यस स्थितिमा आयकर ऐन २०५८, को दफा ६५ को उपदफा (१) मा प्रयुक्त अवकाश भुक्तानीको व्यवस्थामा आर्थिक ऐन, २०७५ ले **योगदानमा आधारित** भन्ने वाक्यांश थप गरेको भएतापनि स्वीकृत अवकाश कोषका हकमा योगदानमा आधारित वा हितबाट भएको लाभका हकमा समेत उक्त व्यवस्था समान रुपमा आकर्षित हुने देखियो। अपितु, प्रस्तुत विबादमा निवेदकहरुले कृषि विकास बैंक लि. को अवकाश कोष योगदानमा आधारित भनी दावी गरेको र प्रत्यर्थीहरुले उक्त दावीलाई ईन्कार गरेको नदेखिएको स्थितिमा निवेदकहरुको अवकाश भुक्तानीमा आयकर ऐन,२०५८ को दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (१) को व्यवस्था आकर्षित हुनु नपर्ने कुनै युक्तियुक्त आधार कारण देखिन आउंदैन।

२४. यसप्रकार, निवेदकहरुलाई हुने अवकाश सुविधा भुक्तानीमा आयकर ऐन,२०५८ को दफा ६५ को उपदफा (१) को व्यवस्था अनुसार आयको गणना हुनुपर्ने देखियो। व्यक्तिले आफ्नो सम्पत्ति, कारोबार र आयमा मात्र राज्यलाई कर तिर्ने हो। कर तिर्ने प्रयोजनका लागि सम्बन्धित कानूनले सम्पत्ति, कारोबार वा आयको गणना गर्ने विधि निर्धारण गरेको हुन्छ। करदाताले यसरी निर्धारित विधि प्रकृया बमोजिम कायम हुन आउने आयमा कानूनं बमोजिम लाग्ने कर तिर्नुपर्ने हो। नेपालको संविधानको धारा ११५ मा कसैलाई पनि कानून बमोजिम बाहेक कर नलगाइने कुराको प्रत्याभूति गरिएको छ। यस्तै व्यवस्था मुलुकी देवानी संहिता,२०७४ को दफा २३ मा समेत पाइन्छ। उल्लिखित संवैधानिक एवम् कानूनी व्यवस्थाको आशय विधायिका निर्मित कानूनद्वारा मात्र कर लगाउन सकिने भन्ने हो। राज्य सञ्चालनका लागि श्रोतको आवश्यक पर्ने र श्रोत व्यवस्थापन गर्ने नाउँमा राज्यका निकायहरुले कुनै कानूनी अख्तियारी बिना पनि कर उठाउन सक्ने सम्भावना रहने भएकाले त्यसरी कानूनको अख्तियारी बिना कर लगाउन नसकियोस भनी लोकतान्त्रिक राज्य प्रणालीमा जनप्रतिनिधिमूलक निकायले बनाई लागू गरेको कानूनका आधारमा मात्र कर लगाउन सकिने(No taxation without representation/legislation) मान्यतालाई अवलम्बन गरिएको हुन्छ । स्पष्ट विधायिकी कानूनको अभावमा सार्वजनिक हित वा नागरिक कर्तब्य वा अन्य कुनै पनि आधारमा व्यक्तिमा कर तिर्नुपर्ने दायित्वको सृजना हुन सक्दैन। करको दायित्व (Charging), करको दर, कर निर्धारण प्रकृया र भुक्तानी प्रकृया समेतका विषयमा सम्बन्धित कानूनले एकिन र निश्चित व्यवस्था गरेको अवस्थामा मात्र व्यक्तिमा तदनुरुप करको दायित्व सृजना हुने (Cannon of certainty) हो । स्पष्ट कानूनी व्यवस्थाको अभावमा अनुमान वा ब्याख्याका आधारमा कर लगाउनु कर कानूनको मान्य सिद्धान्त विपरित हुन्छ। प्रस्तुत विबादमा यी निवेदकहरुसंग सम्बन्धित अवकाश कोष आयकर ऐन,२०५८ को दफा ६५ को उपदफा (१) बमोजिमको स्वीकृत कोष भएको र सो कोषबाट हुने योगदानमा आधारित अवकाश भुक्तानीमा ऐ दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (१) बमोजिम पाँच प्रतिशतका दरले कर कट्टा हुनुपर्ने स्पष्ट व्यवस्था देखिएकोमा आकर्षित नै हुन नसक्ने उपदफा (१) को मूल व्यवस्था बमोजिम पन्ध्र प्रतिशतका दरले कर लाग्ने भन्न मिल्ने अवस्था देखिएन। प्रत्यर्थी अवकाश कोषले निवेदकहरुबाट कानून बमोजिम नै पाँच प्रतिशत रकम मात्र

राजस्व खातामा कर दाखिला गरेको देखिएतापनि कर बापत भनी ऐनले तोकेको दरभन्दा बढी १५ प्रतिशतका दरले रकम कट्टा गरी बाँकी दश प्रतिशत रकम आफ्नो धरौट खातामा जम्मा गरेको कार्य उल्लिखित कानूनी ब्यवस्था समेतको प्रतिकुल देखिंदा त्यसरी निवेदकबाट कर बापत भनी बढी रकम असुल गर्ने विपक्षीहरुको निर्णय एवम् काम कारवाही समेत उत्प्रेषणको आदेशले वदर गरिदिएको छ। अब निवेदकहरुले प्राप्त गर्ने अवकाश भुक्तानीमा कानूनले निर्धारण गरेको पाँच प्रतिशत कर वाहेक अन्य थप रकम कट्टा नगर्नु र निवेदकहरुबाट कट्टा गरी कोषको धरौटी खातामा रहेको दश प्रतिशत रकम निवेदकहरुलाई फिर्ता दिनू भनी प्रत्यर्थीहरुको नाउँमा परमादेशको आदेश समेत जारी हुने ठहर्छ।

२५. निवेदनको दायरीको लगत कट्टा गरी, आदेश विद्युतिय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः- विनोद प्रसाद घिमिरे

कम्प्युटर अपरेटरः- मन्दिरा रानाभाट

**इति संवत् २०७८ साल मंसिर २१ गते रोज ३ मा शुभम.............................**